अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टङ्गाल, काठमाडौं

मितिः २०८३।०१।१५ गते ।

# प्रेस विज्ञप्ति

## विषय: आरोपपत्र दायर गरिएको ।

जिल्ला झापा, दमक नगरपालिका वडा नं. २ स्थित रहेको श्री हिमालय माध्यमिक विद्यालयका प्रधानाध्यापक र लेखापाल समेतले आ.व. २०७७।७८ देखि विभिन्न शीर्षकमा विद्यालयको रकम अनियमितता गरेकोले छानविन हुन भन्नेसमेत बेहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा हिमालय माध्यमिक विद्यालयका **प्रधानाध्यापक ओमप्रसाद उपाध्याय आचार्य र लेखापाल दयासागर आचार्य**ले नमूना विद्यालय भवन निर्माण गर्दा मिति २०७७/०४/२१ मा दमक नगरपालिकाबाट भवन निर्माणको Measurement Book With Evaluation विवरण अनुसार भवनको पहिलो तलाको पहिलो चरणको कार्यमा जम्मा रु.८०,७३,२५९/७८ मूल्याङ्कन कायम भएको देखिएको, त्यसैगरी उक्त भवन निर्माणको सो पछिको थप निर्माण भएको पहिलो तला भवनकै दोस्रो चरणको विद्यालय आफैंले परामर्शदाता नियुक्त गरी मिति २०७८/१२/१० मा मूल्याङ्कन गरेकोमा New Administrative Building, Miscellaneous Components र Electrical Work को रु.६७,७९,९७५/३० बराबरको निर्माण भएको देखिएबाट सो भवन निर्माण कार्यको जम्मा मूल्याङ्कन रकम रु.१,४८,५३,२३५/०८ भएकोमा विद्यालयबाट प्राप्त भवन निर्माणको बिल/बिजक एवम् गोश्वारा भौचर र भुक्तानी विवरण बमोजिम उक्त पहिलो तला भवन निर्माणका लागि जम्मा रु.२,०७,७९,९२२/- विद्यालयबाट भुक्तानी भएको देखिंदा मूल्याङ्कनभन्दा बढी मूल्यको भवन निर्माण भएको भनी खर्चको झुट्टा बिल भरपाई बनाई बढी खर्चको काम भएको कागजात तयार पारी पार्न लगाई **रु.५९,२६,६८६।९२** बराबरको बढी भुक्तानी गरेको पुष्टि भएको, यसैगरी प्रतिवादीहरु प्रधानाध्यापक ओमप्रसाद उपाध्याय आचार्य र लेखापाल दयासागर आचार्यको आपसी मिलेमतोमा आर्थिक वर्ष २०७७/०७८ देखिकै नगद हिनामिना गरेको बेरुजु रकम **रु.१६,६०,१०१/१९** र बिद्यालयको नगद रकम व्यक्तिगत प्रयोग गरेको **रु.१७,९६,५२१।६१** गरी निज प्रतिवादीहरुले नेपाल सरकार/सार्वजनिक संस्थाको जम्मा बिगो रु.९३,८३,३०९/७२ (त्रियानब्बे लाख त्रियासी हजार तीन सय नौ रुपैया बहत्तर पैसा) हिनामिना, हानिनोक्सानी एवं दुरूपयोग तथा निजी लाभमा उपयोग गरी नासेमासेको हुँदा उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर भएकोले सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (ज) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (च) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असूल हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता
सुरेश न्यौपाने